सिरानचोक गाउँपालिकाको गाउँसभामा अध्यक्ष श्री ज्ञानेन्द्र गुरुङ ज्यू द्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम

सिरानचोक गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
छोप्राक, गोरखा
गण्डकी प्रदेश, नेपाल
मितिः २०८२ साल असार १० गते

गाउँ सभा सदस्यज्यूहरु,

सर्वप्रथम संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ अमुल्य जिवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै सो क्रममा घाइते, वेपत्ता, अपाङ्ग एवं पीडित व्यक्ति र उहाँको परिवारप्रति उच्च सम्मान प्रकट गर्दछु।

आज हामी सिरानचोक गाउँपालिकाको आ.व. २०८२/०८३ को निति, कार्यक्रम तथा वजेटको सन्दर्भमा यस गरिमामय सभामा उपस्थित भएका छौं । गाउँपालिकाले विगतका वर्षहरुमा अवलम्वन गरेका निति तथा कार्यक्रमहरुलाई आत्मसात गर्दै नेपालको वर्तमान संविधान, चालु आवधिक योजना, नेपाल सरकारको निति तथा कार्यक्रम, प्रदेश सरकारको निति तथा कार्यक्रम, स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन , स्थानीय सरकार संचालन ऐन २०७४, दिगो विकासका लक्ष्य समेत लाई आधार लिई सिरानचोकवासीको जनभावना, आवश्यकता, विकास प्रतिको तिव्र चाहना र अपेक्षालाई समेटी जनताको जिवनस्तरमा आर्थिक, सामाजिक, सांस्कृतिक लगायतका क्षेत्रहरुमा दिर्घकाल सम्म सकारात्मक परिणामको अपेक्षा सहित यो निति तथा कार्यक्रम पेश गरेको छु ।

सिरानचोक गाउँपालिकाले विगतका वर्षहरुमा विभिन्न चुनौतिका वावजुद विकासका विभिन्न आयामहरुमा महत्वपूर्ण उपलब्धि हाँसिल गरेको छ । पूर्वाधार विकास, खानेपानी, कृषि, शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलताका क्षेत्रमा भएका प्रयासहरुले नागरिकको जिवनमा सकारात्मक प्रभाव पारेको छ । योजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा देखिएको चुनौती, उपलब्ध साधन स्रोतको सिमितता, नागरिकको विकास प्रतिको तिव्र चाहना र परिवर्तनले हामीलाई थप जिम्मेवार र योजनावद्ध तरिकाले अगाडी वढ्न प्रेरित गरेको छ ।

संवैधानिक व्यवस्था अनुसार गठन भएका तिनै तहका सरकार विचको समन्वय, सहाकार्य र सहअस्तित्वको भावनालाई सुदृढ गर्दै सुशासन, समावेशी विकास, सामाजिक न्याय र समृद्धिको वाटोमा दृढ संकल्पका साथ अगाडी वढेका छौं ।

नेपालको संविधान प्रचलित कानून संघिय ईकाहरुको निति तथा आवधिक योजनाहरुको मर्म, सिरानचोक विज्ञ सभाको सुझाव, जनप्रतिनिधि राजनितिक नेतृत्व, पूर्व जनप्रतिनिधि र सरोकारवालाको सल्लाह,सुझाव र विगत तिन बर्षको कार्यअनुभवले पूर्वाधार विकास, कृषि ,शिक्षा,स्वास्थ्य, पर्यटन, रोजगारी तथा उद्यमशिलतालाई प्रथामिकतामा राखी **"समृद्ध ऐतिहाँसिक सिरानचोकको शान: दिगो विकासको अभियान"** लाई पूर्णता दिन यो निति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

सभाका सदस्य ज्यूहरु

- चालु आ.व.का प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरू

सभाका सदस्य ज्यूहरु

१. <u>आर्थिक विकास</u>

गाउँपालिकाको उपलव्ध सिमित स्रोतको उच्चतम प्रयोग गर्दै स्थायी, समावेशी र दिगो आर्थिक विकास सुनिश्चित गर्नु, स्वरोजगार, लघु उद्यम विकास, कृषि, पर्यटन, सहकारी र बजार सञ्जालमार्फत आर्थिक समृद्धिलाई मध्यनजर गर्दै समग्र आर्थिक विकासको लागि अग्रणी भूमिकामा रहेका कृषि, उद्योग, व्यवसाय, पर्यटन, पूर्वाधार जस्ता क्षेत्रलाई लक्ष्य, परिणाम तथा सोको नतिजा प्रासिका लागि अवलम्बन गर्नुपर्ने रणनीति र प्रमुख बिषयक्षेत्रगत कार्यक्रमहरु देहायअनुसार रहेको छ :

क. कृषि तथा पशु सेवा

- कृषि तथा पशुपालन क्षेत्रमा उत्पादन वृद्धि गरि आर्थिक विकासको मेरुदण्डका रुपमा स्थापित गरिनेछ।
- कृषकहरुलाई वर्गिकरण गरी व्यावसायिक कृषकहरुलाई परिचयपत्र प्रदान गरिनेछ। उत्पादन तथा बिक्रिको आधारमा प्रोत्साहन अनुदान कार्यक्रम संचालन गरिनेछ।
- एक वडा एक कृषि पकेट क्षेत्र विकास गरिनेछ।
- एक वडा दुई कृषि स्रोत केन्द्र विकास गरी कृषि प्रवधी तथा सेवाको पहूँच विस्तार गरिनेछ।
- कृषि तथा पशु व्यवसायका लागि प्राविधिक सेवा, आधुनिक कृषि औजार वितरण, पशु विमा कार्यक्रम, खोप, उन्नत जातका विउ विजन उत्पादन तथा वितरण, पोखरी निर्माण, माछापालन, माहुरी पालन जस्ता कार्यमा विशेष जोड दिइनेछ।
- फलफूल खेतीको क्षेत्र विस्तार गरी आम्दानीको मुख्य स्रोत बनाउन *पहाडी क्षेत्रमा काष्ठफल तथा फलफूल विकास आयोजना* तथा *प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना* संगको सहयोग तथा समन्वयमा उत्पादन, प्रसोधन र बजारीकरणमा जोड दिईनेछ।
- हाट बजार, कृषि मेला प्रर्दशनी कार्यक्रम संचालन गर्दै उत्कृष्ट कृषकहरुको सम्मान, पुरस्कार र प्रोत्सहानको व्यवस्था मिलाउदै व्यवस्थित कृषि वजार सूचना प्रणालि विकास तथा संचालनमा ल्याईनेछ।
- शित भण्डार केन्द्रको व्यवस्थापन र विस्तार, सिरानचोक रैथाने स्टोर (कोशेली घर) सञ्चालन तथा कृषि एम्वुलेन्सको सञ्चालनलाई थप व्यवस्थित बनाइनेछ ।
- प्राङ्गारिक एवं जैविक मल उत्पादन, गड्यौले मल उत्पादनमा जोड दिईनेछ। कुनै स्थान वा वडालाई प्राङ्गगारिक घोषणा गर्ने विषयमा सम्भाब्यता अध्ययन गरि काम अगाडी बढाईनेछ।
- रैथाने बालिहरुको प्रवर्द्धनमा विशेष जोड दिइनेछ ।

- भूमि बैङ्क स्थापना गरी खेती योग्य बाँझो जग्गाको सदुपयोग गरिनेछ। सामुहिक खेती प्रणाली तथा निजि ठुला फार्म स्थापना गर्न जग्गा करारमा लिने दिने व्यवस्था मिलाईनेछ।
- बाँदर लगायत जङ्गली जनावरबाट हुने क्षति कम गर्न विशेष पहल गरिनेछ। सामुदायिक वन, राष्ट्रिय वन तथा अन्य वनहरुमा जङ्गली फलफूल खेतीलाई प्रोत्साहन दिईनेछ। आरु, नास्पाति, आरुपोखरा, चिया, अलैची जस्ता फलफुलहरु साथै वर, पिपल, शमीका रुखहरु वृक्षारोपण गरिनेछ। साथै जङ्गलको छेउमा कृषि वेल्ट निर्माण गरिनेछ।
- वन्यजन्तुबाट खेतीपातीमा पुग्ने क्षतिको जोखिम कम गर्न कृषि बीमालाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- वडा नं ४ चोरकाटेमा गाउँपालिकास्तरीय नर्सरी स्थापना गरिनेछ र एक वडा एक शाखा नर्सरी स्थापना गरी उन्नत जातका फलफूल तथा तरकारीको विरुवा सहुलियत दरमा वितरणको व्यवस्था मिलाईनेछ । आधुनिक घाँसको उत्पादन तथा खेती विस्तार गरिनेछ
- किट नियन्त्रण, रोग व्यवस्थापन तथा बनस्पती संरक्षणको लागी मिनि ल्याबको संचालन गरी आधारभूत सेवा प्रदान गरिनेछ।
- माटो परिक्षण, कृषि चुन वितरण तथा बेमौसमी तरकारी खेती प्रवर्द्धन कार्यक्रम संचालन गरी आत्मनिर्भर स्थानिय अर्थतन्त्रको निर्माणमा जोड दिईनेछ।
- कृषकहरुका लागि मागमा आधारित कृषि तथा पशु विकास तालिमको व्यवस्था मिलाईनेछ ।
- स्थानीय कृषि तथा पशुजन्य उत्पादनहरुको भण्डारण, ग्रेडिङ्ग, प्रोसेसिङ्ग, प्याकिङ्ग, बजारीकरण तथा ब्राण्डिङ्गमा विशेष प्राथमितकता दिईनेछ। सो कार्यमा आवश्यक सामाग्री तथा प्रविधीमा फर्म, कृषक समूह तथा कृषक सहकारीहरुलाई अनुदान सहयोग उपलब्ध गराईनेछ।
- स्थानीय कृषि तथा पशुजन्य उत्पादनहरुको मूल्य निर्धारण गर्ने, गुणस्तर परीक्षण गर्ने साथै स्थानीय उत्पादनहरुलाई विशेष प्राथमिकता दिई खाद्य सुरक्षा र संप्रभुतालाई जोड दिईनेछ।
- चालु आर्थिक वर्षबाट सुरु गरिएको कृत्रिम गर्भाधान कार्यक्रमको पहुँच अभिवृद्धि गर्दै समुह, सहकारी मार्फत सामुदायिक प्रजनन् केन्द्र स्थापना गरी प्राकृतिक गर्भाधानका लागि बोका, राँगो र बहर पालन गरी प्रजनन् सेवा सहज तथा सुलभ गराईनेछ।
- प्रत्येक वडामा पशु सेवा केन्द्र र पालिका स्तरमा आधारभूत प्रयोगशाला सहितको Dispensary center स्थापना गरी आधारभूत पशु स्वास्थ्य सेवा व्यवस्थित गराईनेछ।
- प्रदेश सरकारको सहयोगमा पशुमा पूर्ण खोप कार्यक्रम प्रभावकारी बनाईनेछ।
- कृषकहरुलाई कृषि विकास सेवा तथा पशु सेवाको सहज पहुँचको विस्तार गर्न *किसान सहायता केन्द्रको* स्थापना गरिनेछ।

ज्ञानेन्द्र गुरुङ
अध्यक्ष

ख. सहकारी

- सहकारी संस्थाहरुलाई कृयाशिल बनाउदै उत्पादन, प्रशोधन तथा बजारीकरण कार्यमा आवद्धता गरिनेछ।
- वित्तिय साक्षरता कार्यक्रम समुदाय तथा विद्यालयस्तर सम्म सञ्चालन गर्ने सहकारीहरुसँग साझेदारी गर्ने नीति लिईनेछ ।
- सहकारी संस्थाहरुको प्रभावकारी नियमनका साथै अन्य वित्तिय संस्थाहरुसँगको अन्तरआवद्धतालाई विशेष जोड दिईनेछ।
- स्थानीय आर्थिक विकास कार्यमा सहकारीहरुसँग समन्वय र परिचालन गर्ने नीति लिईनेछ।

ग. घरेलु तथा साना उद्योग

- परम्परागत प्रविधीबाट सञ्चालित लघु उद्यम साथै घरेलु तथा साना उद्योगहरुको स्थापना तथा सञ्चालनमा प्राथमिकता दिईनेछ।
- उद्यम तथा व्यवसायको स्थापना, संचालन र व्यवस्थापनको हरेक चरणमा प्रशासनकि, प्राविधिक तथा अन्य सेवा प्रदान गर्न *व्यवसाय प्रवर्द्धन केन्द्र* स्थापना तथा संचालन गरिनेछ।
- नवप्रवर्तनमा आधारित स्टार्टप उद्यमिहरुलाई प्रोत्साहन गर्न संघ, प्रदेश र वित्तिय संस्थाहरुसंगको समन्वय र सहकार्यमा स्टार्टप कर्जा तथा अनुदान उपलव्ध गराईनेछ।
- एक वडा एक उद्यम कार्यक्रम संचालन गरिनेछ।
- घरेलु मदिरा तथा अन्य स्थानीय उत्पादनहरुको ब्राण्डिङ्ग तथा वजारीकरण तथा उत्पादन विविधीकरणको विशेष व्यवस्था मिलाइनेछ
- निर्माणाधिन औद्योगिक ग्राम निर्माण कार्यमा कार्ययोजना बनाई काम गरिनेछ।
- *उद्यमी बनौं, स्वदेशमा केही गरौं:* युवा जनशक्तिलाई सीपमूलक तालिम, उद्यमशीलता विकास तथा प्रविधि सहितको स्थानीय कच्चा पदार्थमा आधारित स्वरोजगारमुखी उद्योग सञ्चालन तथा वृद्धिमुखी उद्यमशीलता र रोजगारी सिर्जना नमुना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

घ. पर्यटन

- ऐतिहासिक, धार्मिक, पुरातत्विक, सास्कृतिक, पर्यटकीय क्षेत्रहरुको पहिचान, संरक्षण एवं एकीकृत विकास गरिनेछ।
- ऐतिहासिक श्रीनाथमण्डली क्षेत्रको संरक्षण विकास र प्रचारप्रसारमा स्थानिय सरोकारवलाको प्रत्यक्ष सहभागितामा विशेष कार्ययोजना बनाई लागु गरिनेछ। यस क्षेत्रमा योग, ध्यान पर्यटनको प्रवर्धन गरिनेछ।
- श्रीनाथ मण्डली क्षेत्र सम्मको सहज सडक पहूँचलाई व्यवस्थित गरिनेछ। पदमार्गहरुलाई एकीकृत गरिनेछ।

- प्राङगारिक तथा स्थानिय उत्पादनको उपभोग हुने गरी प्रकृतिक, धार्मिक एंव सास्कृतिक धरोहरको महत्वलाई उजागर गर्दै होमस्टे विकास तथा विस्तारमा जोड दिईनेछ। सामुदायिक घरवास र कोसेलिघर स्थापना गर्न प्रोत्सहान गरिनेछ।
- दरौदीं, चेपे र भुसुन्डे खोला र तटीय क्षेत्रमा पौडि तथा फिसिङ्ग पर्यटनको सम्भाव्यता अध्ययन गरि काम गरिनेछ।
- बाल उद्यान, पार्क, खुला व्यायामशाला निर्माण तथा व्यवस्थापन गर्ने कार्य अगाडी बढाइनेछ ।
- मुख्य सडक तथा चोकहरुमा स्थान, दुरी तथा मुख्य पर्यटकीय क्षेत्रको बारेमा सामान्य जानकारी दिने बोर्ड तथा सूचना पाटीको व्यवस्था गरिनेछ।
- चोरकाटे- जौबारी सडक, द्रव्य शाह राजमार्ग र चोरकाटे- थुम्की सडक सौन्दर्यीकरण गर्दै सडकको दायँवायाँ हरितवेल्ट निर्माण गरिनेछ।
- पुराना पैदल सडकहरु, गोडेटो, घोडेटो बाटोहरु लगायत पुराना संरचनाहरुको संरक्षणका लागि काम गरिनेछ। यस कार्यमा स्थानीय समुदायको सक्रिय परिचालन गर्न नीति लिईनेछ।

२.सामाजिक विकास

क. स्वास्थ्य

- सवै आधारभूत स्वास्थ्य सेवाहरुलाई गुणस्तरीय र सर्वसुलभ बनाईनेछ। एम्बुलेन्स सेवालाई एकीकृत छिटो, छरितो र प्रभावकारी बनाईनेछ।
- आम नागरिकहरुलाई नसर्ने रोगबाट बचाइ राख्न स्वस्थ जीवन शैली सम्बन्धी सचेतना मुलक कार्यक्रम तथा योग शिक्षामा जोड दिइनेछ। साथै नागरिक आरोग्य केन्द्र तथा आखाँ उपचार केन्द्रको सेवालाई थप व्यवस्थित र विस्तार गरिनेछ।
- सुरक्षित गर्भपतन सेवा, यौन प्रजनन स्वास्थ्य सेवा, लागुऔषध दुर्व्यसन निरुत्साहन, मानसिक स्वास्थ्य सचेतना, आत्महत्या रोकथाम जस्ता विषयहरुमा नेपाल प्रहरी, विभिन्न गैरसरकारी र सामुदायिक संघसंस्थाहरुसँगको सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- धुम्रपान, मद्यपान तथा सूर्तिजन्य पदार्थहरुको विक्री वितरण तथा प्रयोगमा निरुत्साहित गर्दै लगिनेछ।
- **ग्रमिण घुम्ती स्वास्थ्य** शिबिर अन्तर्गत प्रत्येक वडामा नियमित रुपमा चिकित्सक सहितको विशेषज्ञ सेवा (आँखा, दन्त, स्त्रीरोग, हाडजोर्नी), नसर्ने रोग (Sugar, Pressure, heart disease) स्क्रिनिंग लगायतको घुम्ती स्वास्थ्य शिबिर संचालनलाई निरन्तरता दिइनेछ।
- **बिद्यालय स्वास्थ्य कार्यक्रम-** गाउपालिका भित्रका सम्पुर्ण विद्यालयका बिद्यार्थीहरुलाई लक्षित गरि आँखा जाँच, किशोरीहरुको रक्तअल्पत्ता परीक्षण लगायत वालवालिका र किशोरी लक्षित चेकजाँच तथा परीक्षणका साथै स्वस्थ जिवन शैली प्रर्वद्धन अन्तर्गत योग ध्यान कार्यक्रम संचालन गरिनेछ।

- ज्येष्ठ नागरिक, अशक्त तथा दीर्घरोगीहरुको घरदैलो परीक्षण कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ।
- मानसिक स्वास्थ्य समस्या भोगिरहेका व्यक्तीहरुलाई भर्चुअल रुपमा समेत विशेषज्ञ डाक्टरको सेवा प्रदान गर्न भर्चुअल हेल्थ सपोर्ट कार्यक्रम सञ्चालन गरिनेछ। मानसिक स्वास्थ्य समस्या भएका व्यक्तीहरुको सीप विकास तथा जीवीकोपार्जन सहयोगका विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- आमा सुरक्षा (सुरक्षित मातृत्व) कार्यक्रमलाई गुणस्तरिय र सस्थागत सुत्केरीलाइ प्रोत्साहन गर्दै शुन्य Home delivery को नीति अबलम्बन गरिनेछ ।
- सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरुको विशेष कदर गरिनेछ। उमेर हद तथा अन्य कारणबाट सेवानिवृत्त हुनु भएका सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको सम्मानजनक विदाइको व्यवस्था मिलाइनेछ।
- गाउँपालिका केन्द्रमा खोप भण्डारण र वितरणको लागि प्रदेश कार्यालय र गाउँपालिकाको समन्वयमा पालिका स्तरीय कोल्डचेन सब सेन्टरको स्थापना गरि खोप वितरणलाइ गुणस्तरीय र थप व्यवस्थित गर्दै लगिनेछ।
- संघ, प्रदेश सरकार तथा सरोकारवालहरु संगको समन्वय, सहकार्यमा कार्ययोजना बनाई १५ शैय्या अस्पताल संचालनको काम अगाडी बढाईनेछ।
- सहज र सुलभ आधारभूत स्वास्थ्य सेवाका लागि गोरखा अस्पताल र आपँपिपल अस्पतालँग सहकार्य गरिनेछ।
- अनलाईन माध्यमबाट विशेषज्ञ चिकित्सकहरुको परामर्श सेवा प्रदान गर्न टेलि हेल्थ कार्यक्रम सञ्चालन गरिनेछ।
- स्वास्थ्य वीमा प्रणाली र डिजिटल हेल्थ प्रोफाईललाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ।

ख. शिक्षा संस्कृति, भाषा, कला तथा साहित्य

- प्रत्येक शैक्षिक शत्रमा विद्यार्थी संख्याको आधारमा दरवन्दी व्यवस्थापन गर्ने नीति लिइनेछ।
- नतिजा विश्लेषण तथा कार्य सम्पादनका आधारमा बिद्यालय, प्रधानाध्यापक र शिक्षकहरुको मुल्याङकन गरी पुंरस्कृत तथा प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- शैक्षिक गुणस्तर अभिवृद्धिका लागि परीक्षा प्रणाली सुधार, प्राथमिक तहमा स्तरमापन परीक्षा, विद्यालय अनुगमन तथा निरीक्षण, नमुना विद्यालय अवलोकन, शैक्षिक सामाग्री प्रदर्शनी, शैक्षिक अन्तर्क्रिया, बिद्यालयहरुमा ग्रासरुट खेलकुद सम्वन्धि प्रशिक्षण तालिमको व्यवस्था गरिनेछ।
- शिक्षक तथा विद्यालय व्यवस्थापन समितिलाई क्षमता विकास तालिमको व्यवस्था मिलाइनेछ।

- विद्यालयमा स्काउट, जुनियर रेडक्रस, बाल क्लवहरुलाई क्रियाशील बनाइनेछ ।
- स्थानीय पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक छपाइ तथा वितरणको व्यवस्था मिलाईनेछ।
- विद्यालय व्यवस्थापनका नवीनतम आयामहरुका बारेमा अन्तर विद्यालय अन्तक्रिया तथा देश विदेशका प्रभावकारी प्रयासहरुलाई अध्ययन, परीक्षण तथा आन्तरिकीकरण गर्ने नीति लिईनेछ।
- विद्यालयका कक्षाहरुमा रचनात्मक, जीवनोपयोगी र व्यवसायिक सीपको समिश्रण मार्फत विद्यालयहरुलाई रचनात्मक पाठशालाका रुपमा विकास गरिनेछ। नियमित पाठ्यक्रम बाहेक विभिन्न अतिरिक्त क्रियाकलाप, खेलकूद र उद्यम तथा सीप विकासका क्रियाकलापहरुलाई नियमित कक्षायोजनामा समावेश गरि विद्यालयको वातावरणलाई रमाईलो, सिकाई मैत्री र वालमनोविज्ञान अनुकुल बनाईनेछ।
- आफ्नो पेशा व्यावसायमा उल्लेखनीय कार्य गरेका, ख्यातीप्राप्त, सफल पूर्व बिद्यार्थी र Guest Lecturer तथा ज्येष्ठ नागरिकहरुबाट उत्प्रेरणात्मक प्रवचन साथै अन्तर्क्रिया कार्यक्रम संचालन गरिनेछ। अन्तरपुस्ता सीप हस्तान्तरण कार्यलाई विशेष जोड दिईनेछ।
- विपन्न अभिभावकका बालबालिकाहरुलाई पठनपाठनमा टिकाइ राख्नका लागि अभिभावक आय आर्जन कार्यक्रम संचालनमा ल्याइनेछ ।
- वालवालिकाहरुको कक्षामा अनियमतिता हुने समस्यालाई कम गर्न सेवाग्राहीहरुलाई पालिकाबाट सेवा प्रवाह गर्दा सेवाग्राहीका वालवालिकाहरुको कक्षा निरन्तरता भए नभएको विषयमा एकिन गरिनेछ।
- अभिभावकविहिन तथा आर्थिक रुपले अति विपन्न बालबालिकाहरुका लागि माध्यमिक तह सम्मको शिक्षा आर्जन गर्न गाउँपालिकाले अभिभावकत्व ग्रहण गर्ने नीति अगाडी सारिनेछ।
- उच्च शिक्षा हासिँल गरिरहेका विपन्न तथा अतिविपन्न परिवारका विद्यार्थीहरुलाई उच्च शिक्षा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालय समयमा वालवालिकाको सुरक्षालाई मध्यनजर गर्दै विद्यार्थी, शिक्षक र कर्मचारीहरुको एकीकृत दुघटना वीमा गरिनेछ।
- विद्यालयहरुका पुस्तकालय, प्रयोगशाला र हबहरुको उच्चतम् उपयोग गरिनेछ। विज्ञान तथा प्रविधीको प्रयोग र प्रयोगात्मक कक्षालाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- प्रत्येक तहका प्रत्येक विषयका लागि स्रोत शिक्षकहरुको विकास गरिनेछ। स्रोत शिक्षकहरुलाई नियमित रुपमा तालिम प्रदान गरि गाउँपालिका भित्रका अन्य शिक्षकहरुलाई स्रोत शिक्षकले घुम्ती रुपमा सहजीकरण गर्ने व्यवस्था मिलाईनेछ। विषयगत शिक्षक समूह परिचालन गरिनेछ।
- गाउँपालिका कार्यालय र प्रधानाध्यापक तथा प्रधानाध्यापक र शिक्षकहरु बीच कार्यसम्पादन सम्झौता, अभिभावक र विद्यालय विच विद्यार्थिको शैक्षिक क्रियाकलाप प्रवर्धन सम्वन्धि

सम्झौता गरी शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ। प्रधानाध्यापक सँग आगामी ३ वर्षको विद्यालय सुधारको प्रस्ताव माग गरि सोही आधारमा वार्षिक मूल्याङ्कनको व्यवस्था मिलाईनेछ।

- गाउँ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ। यसका लागि हाल उपलब्ध व्यवस्थापन समिती सदस्य, शिक्षक, पूर्व शिक्षक तथा अन्य विज्ञ व्यवस्थापकको समूह बनाई परिचालन गरिनेछ। विद्यालयहरुको भौतिक स्थिती सुधार, सरसफाई तथा सौन्दर्यीकरणमा समेत विशेष जोड दिईनेछ।
- नेपाल र नेपाल बाहिरका विश्वविद्यालयहरुमा स्नातक, स्नातकोत्तर र विद्याबारिधी तहमा अध्ययन गरिरहेका सिरानचोक गाउँपालिकाका स्थायी बासिन्दा तथा सिरानचोक गाउँपालिकालाई अध्ययनको क्षेत्र बनाई शोध कार्य गरिरहेका विद्यार्थीहरुलाई शोध सहयोग उपलब्ध गराईनेछ।
- विद्यालयमा उपलब्ध खेलमैदानहरुको विशेष संरक्षण गरिनेछ। खेलमैदानको रुपमा प्रयोग भईरहेका र हुन सक्ने संभावित खालि ठाउँलाई भवन, पूर्वाधार लगायत अन्य कुनै पनि प्रयोजनमा प्रयोग गरिने छैन।
- समुदायस्तरमा पुस्तकालय तथा वाचनालयहरुको विस्तार गरिनेछ। पठन संस्कृतिको विकास गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- समग्र शैक्षिक उन्नयनको लागी सरोकारवाला साझेदार संस्थाहरुसँगको समन्वय र सहकार्यलाई विशेष प्राथमिकता दिईनेछ ।
- लोक संस्कृति, भाषा, लिपीहरुको पहिचान, संरक्षण तथा सम्वर्द्धनमा जोड दिइनेछ ।

ग) युवा तथा खेलकुद, नवप्रवर्तन, रोजगार र सुरक्षीत आप्रवासन

क. युवा तथा खेलकुद

"सक्षम युवा, स्वस्थ नागरिक, गतिशिल सिरानचोक गाउँपालिका"

- प्रतिभा पहिचान तथा प्रवर्द्धन- गाउँपालिका भित्रका व्यवसायिक, प्राज्ञिक, खेलकुद तथा अन्य क्षेत्रका प्रतिभावान युवा तथा बिद्यार्थिहरु पहिचान गरी उचित सम्मान र प्रोत्साहन गरिनेछ।
- एक वडा एक खेलमैदान निर्माण, पालिकास्तरीय बृहद खेलमैदान निर्माण तथा खेल सामाग्री व्यवस्थापनमा जोड दिईनेछ।
- स्थानिय युवा क्लव, विद्यालय, जिल्ला स्थित खेलकुद संघ लगायतको सहकार्य र समन्वयमा नियमित रुपमा बार्षिक कार्ययोजना सहित क्लव, विद्यालय तथा उमेरसमूहका खेल गतिविधीहरु सञ्चालन गरिनेछ। साथै उत्कृष्ट स्थानीय खेलाडीहरुलाई थप प्रशिक्षणको व्यवस्था गरि प्रादेशिक तथा राष्ट्रियस्तरको छनौटमा सहभागी गराईनेछ।
- युवाहरुका लागी नेतृत्व र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्दै र स्वयंमसेवक युवा समुह निर्माण गरी विभिन्न सामाजिक कार्यमा परिचालन गरिनेछ।

ख. उद्यम, नवप्रवर्तन, श्रम, रोजगार तथा सुरक्षीत आप्रवासन

- युवा जनशक्तिको क्षमता अभिवृद्धि, रोजगारी सिर्जना, स्वरोजगार,उद्यमशिलता प्रवर्द्धन, र सुरक्षित, व्यवस्थित र मर्यादित वैदेशिक रोजगारी र पुनः एकीकरण (reintegration) मार्फत युवा जनशक्तिहरुको रोजगारीको सुरक्षा, संरक्षण र विकासका लागि मिसन रोजगारी नीति लिईनेछ।
- प्रदेश सरकारको सहकार्यमा श्रम डेस्क स्थापना गरी श्रमिक सूचिकरण गर्दै उपलव्ध ज्ञान सिप र दक्षताको उपयोग तथा परिचालन गरिनेछ।
- गाउँपालिकाको श्रम तथा रोजगार रणनिति कार्यान्वयनमा ल्याईनेछ।
- बेरोजगारको तथ्यांक संकलन गरी अभिलेख व्यवस्थापन गरिनेछ साथै श्रममा आधारित काममा परिचालन गरिनेछ ।
- राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमलाई व्यवस्थित एवं प्रभावकारी बनाउन साझेदारी कार्यक्रम संचालनमा ल्याइनेछ।
- रोजगार सेवा केन्द्रलाई रोजगार सूचना केन्द्रको रुपमा स्थापित गर्दै रोजगारदाता र बेरोजगार बिच सम्मर्क सुत्र स्थापित गरिनेछ ।
- मागमा आधारित व्यवसायिक तथा सीप विकास तालिम र क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ। तहगत र स्तरोन्नती तालिमलाई विशेष प्राथमिकता दिईनेछ।
- TEVT (Technical and vocational Education and training) संञ्जाल मार्फत औपचारिक तथा अनौपचरिक किसिमले हाँसिल गरेको सिप दक्षतालाई प्रमाणिकरण गर्ने कार्यलाई सहजिकरण गरिइनेछ।
- उद्यम तथा व्यवसायहरुलाई प्रोत्साहन गर्न व्यवयायिक ऋणमा ब्याज सापटी प्रदान गर्न वैङ्क, सहकारी लगायत वित्तीय संस्थाहरुसँगको सहकार्यमा ब्याज सापटी कार्यक्रम सञ्चालन गरिनेछ।
- मौद्रिक नितिले निर्धारण गरेको प्रथामिकता प्राप्त क्षेत्रमा वित्तिय संस्स्था संग समन्वय तथा सम्झौता गरी परियोजना धितो, व्याज अनुदान, सहुलियत पूर्ण ऋण प्रवाहको लागि सहजीकरण गरिनेछ।
- उद्यम, व्यवसाय, सीप विकास, सामाजिक विकास, सशक्तीकरण लगायतका विषयमा स्थानीय प्रशिक्षकहरुको व्यवस्था गरिनेछ। त्यस्ता प्रशिक्षकहरुले स्थानीयस्तरमा आआफ्नो विषयक्षेत्रमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिनेछ। प्रशिक्षकहरुलाई समयसमयमा स्तरोन्नति र अभिवृद्धिमुलक तालिम दिई क्षमता अभिवृद्धि गरिनेछ।
- श्रमिकहरुको सुरक्षा, हक हितका लागि नियमन र प्रोत्साहनमूलक कार्यहरु गरिनेछ।

ज्ञानेन्द्र गुरुङ
अध्यक्ष

घ. महिला वालवालिका तथा सामाजिक समावेशिकरण

- लैङ्गिक उत्तरदायी बजेटका सूचकहरुमा अपेक्षित सुधार गर्न महिलाहरुको अर्थपूर्ण सहभागितामा अभिवृद्धी गरिनेछ।
- जेष्ठ नागरिक परिचय पत्र, अपाङ्ग परिचय पत्र लगायतका लक्षित वर्गको पहिचान र रेकर्ड व्यवस्थापन कार्यलाई डिजिटलाईजेशन प्रक्रियामा लगिनेछ।
- सबै लक्षित वर्गहरुको गाउँपालिका स्तरीय सञ्जाल बनाई समन्वय, एकता, सशक्तीरण र जीवीकोपार्जन सुधारलाई जोड दिईनेछ।
- "कसैलाई पनि पछी नछोडौं" नारालाई सारभूत गर्दै विकास तथा योजना प्रक्रियामा सामाजिक समावेशीकरणको अवधारणालाई आत्मसात गरिनेछ।
- हिंसा न्युनीकरण- लैङ्गिक तथा घरेलु हिंसा, वालश्रम, वालविबाह, जातिय विभेद लगायतका सामाजिक कुरितिहरुको अन्त्यको लागी शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।
- दलित समुदायको उत्थानको लागी लक्षित सीप विकास, आयआर्जन र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।
- असहाय नागरिकहरुको उचित व्यवस्थापन गर्न विभिन्न सामुदायिक तथा गैरसरकारी संस्थाहरुसँग असहाय सहायता केन्द्र सञ्चालन र व्यवस्थापनमा सहाकार्य गर्ने नीति लिईनेछ।
- वाल क्लवहरु गठन र परिचालन गरी वालवालिकाहरुको सिर्जनात्मक क्षमता विकास र सहभागिता वृद्धी गरिनेछ।
- विभिन्न प्रतिस्पर्धात्मक परीक्षाका लागि सेवा प्रवेश तयारी कक्षा संचालन गरिनेछ।

३.पूर्वाधार विकास

क. सिंचाई

- परम्परागत र पुराना कुलाहरुको मर्मत तथा व्यवस्थापन गरिनेछ।
- स्थलगत सिंचाई, थोपा सिंचाई, लिफ्ट सिंचाई तथा अन्य वैकल्पिक सिचाँई आयोजनाहरुलाई प्राथमिकता दिइनेछ।

ख. विद्युत

- गुणस्तरी विद्युत सेवा प्रवाह गर्न आवश्यक स्टिल पोल, ट्रान्सफर्मर तथा तार व्यवस्थापनका लागि पहल गरिनेछ।
- नवीकरणीय उर्जाको प्रयोगलाई बढाउन प्रदेश तथा संघिय सरकार संगको समन्वयमा बिद्युतिय चुलो र सवारीसाधनको प्रयोगमा प्रोत्साहन गरिनेछ।
- सार्वजनिक स्थल, सामुदायिक भवन, पाटी पौवा, मठ मन्दिर, मस्जिद गुम्बा आदिमा वैकल्पिक उर्जा अन्तर्गत सौर्य बत्ती जडान गर्ने कार्य निरन्तरता दिईनेछ।

ग. भवन

- घर नक्सा पास गर्ने कार्यको अनिवार्यतामा जोड दिइनेछ ।
- भवन तथा घर निर्माण गर्दा बाल मैत्री, अपाङ्ग मैत्री तथा भूकम्प प्रतिरोधि बनाउन उत्प्रेरित गरिनेछ।
- विभिन्न सडक किनारा तथा अन्य क्षेत्रहरुमा भवन निर्माण सम्वन्धी संहिता र मापदण्ड बनाई कार्यान्वयन गर्दै जाने नीति लिईनेछ।
- पुराना घरहरुलाई पालिकामा पौष मसान्त सम्म अभिलेखीकरण गरेमा लाग्ने राजश्वमा ५० प्रतिशत छुट दिईनेछ।
- निजी तथा व्यवसायिक घर निर्माण गर्दा गाउँपालिकाले तोकेको ढाचाँमा निर्माण गर्ने लाभग्राहीलाई नक्सा पास शुल्कमा ५० प्रतिशत छुट प्रदान गरिनेछ।
- संस्थागत, सामुदायिक तथा निजी भवन तथा घरहरुको घर विमा कार्यक्रम अगाडी बढाइनेछ ।

घ. सडक

- सडक निर्माणका सन्दर्भमा निश्चित मापदण्डहरु निर्माण गरि कार्यान्वयन गरिनेछ।
- हरेक सडक योजनाहरुमा विनियोजित वजेटको २% रकम बायो ईन्जिनियरिंग कार्यमा खर्च गरिनेछ।
- गाउँपालिका भित्र निर्माण गर्नुपर्ने झोलुंगेपुलको निर्माण प्रक्रिया अगाडी बढाइनेछ साथै मर्मत गर्न आवश्यक रहेका झोलुंगेपुलहरुको मर्मत गरिनेछ।
- यस आर्थिक वर्षलाई सडक स्तरोन्नती वर्षको रुपमा लिइनेछ। संघ र प्रदेश सरकारसँगको समन्वयमा सडकहरुको वर्गीकरण र प्राथमिकताका आधारमा सडकहरुको स्तरोन्नति गरिनेछ। साथै अधुरा सडकहरुको संचालनलाई उच्च प्राथमिकता दिइनेछ ।
- सडकहरु बाह्रै महिना सुचारु गर्न र सडकको नियमित मर्मतका लागि सामुदायिक परिचालन गरिनेछ। लेन्थमेनको (सडक हेरालु) व्यवस्थालाई विस्तार गरिनेछ।
- गाउँपालिका भित्र यातायातको पहुँचलाई व्यवस्थित गरिनेछ। सुविधायुक्त सार्वजनिक र नगर यातायातको व्यवस्थापन गर्ने नीति लिईनेछ।
- *हाम्रो बाटो हामि बनाउछौं'* भन्ने नारा सहित कच्ची नाली निर्माण, सडक सरसफाई, भल व्यवस्थापन तथा सामान्य सडक मर्मत कार्यमा टोल विकास संस्था र समुदायलाई परिचालन गर्ने नीति लिईनेछ।
- सडक गुरुयोजनामा आवश्यक सुधार संशोधन र अद्यावधिक गरि सडकहरुको स्तरोन्नति र व्यवस्थापन गरिनेछ।
- सडक बत्ती विस्तार तथा व्यवस्थापन गर्ने कार्य अगाडी बढाइनेछ ।

- सार्वजनिक सडकमा सबै व्यक्ती र परिवारहरुको पहूँच सुनिश्चित हुने नीति लिईनेछ। साथै खेतीयोग्य जमिनमा मल, वीउ तथा कृषिजन्य वस्तुहरुको ओसारपसार गर्न कृषि सडकको पहूँच सुनिश्चित हुने नीति लिईनेछ।

ङ. खानेपानी तथा सरसफाई

- स्वच्छ पिउने पानी व्यवस्थापन गर्न बाँकी रहेका घरमा एक घर एक धारा जडान गर्ने कार्यलाई पूर्णता दिईनेछ। साथै धारा निर्माण गर्दा बालमैत्री बनाइनेछ ।
- पूर्ण सरसफाइ उन्मुख गाउँपालिका बनाउनका लागि वैज्ञानिक फहोर मैला व्यवस्थापन तथा सार्वजनिक शौचालय निर्माण र विस्तारमा विशेष जोड दिइनेछ । यसको दिगोपनाका लागि विशेष योजना बनाई कार्यान्वयनमा लगिनेछ।
- खानेपानीको मुल संरक्षण, गुणस्तर परीक्षण तथा सरसफाइ गर्ने कार्यमा जोड दिइनेछ । खानेपानीको मूललाई प्राकृतिक रुपमा संरक्षण गर्ने नीति लिईनेछ।
- सिरानचोक गाउँपालिका फोहरमैला व्यावस्थापन रणनिति, २०८१ को प्रभावकारी कार्यान्वयनलाई जोड दिदै छिमेकी पालिका संगको सहकार्यमा फोहरमैला व्यवस्थापन केन्द्र संचालन गर्न पहल गरिनेछ। फोहोरमैला व्यवस्थापनलाई संस्कारका रुपमा विकसित गर्न विद्यालयस्तरमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिका भित्रका होटल, रेष्टुरेन्ट तथा खाजाघरहरुको न्यूनतम सरसफाई तथा गुणस्तर मापदण्ड निर्माण गरि लागू गरिनेछ।
- यस आर्थिक वर्षमा WASH Plan को कामलाई द्रुत गतिमा अगाडी बढाउनेछ ।

च. विविध

- चौतारी, प्रतिक्षालय, मन्दिर, पोखरी, पदमार्गहरुजस्ता सामुदायिक, ग्रामीण र पर्यटकीय संरचनाहरुमा कंक्रिटको प्रयोगलाई निरुत्सान तथा स्थानीय कच्चा पदार्थको प्रयोगलाई जोड दिईनेछ। यस कार्यमा राष्ट्रिय रोजगार कार्यक्रमलाई समेत एकीकृत गरिनेछ।
- पूर्वाधार, सडक तथा अन्य भौतिक संरचना निर्माण गर्दा उपयुक्त क्षेत्रगत मापदण्डहरु निर्माण गरि संरचनाहरु दिगो र वातावरणमैत्री बनाउने नीति लिईनेछ।
- व्यवस्थित वस्ती विकासका लागि संभावित वस्ती र स्थान पहिचान गरिनेछ। र त्यस्ता ठाउँहरुमा स्तरीय सडक तथा अन्य पूर्वाधार विकास गरिनेछ।
- सामुदायिक भवन तथा पूर्वाधार निर्माण कार्यमा लागत साझेदारी मोडललाई विशेष प्राथमिकता दिईनेछ।

## ४.वन, वातावरण तथा विपद व्यवस्थापन

- जलवायु परिवर्तन स्थानिय अनुकुलन कार्ययोजना (LAPA) अद्यावधिक गरी कार्यान्वयनमा ल्याईनेछ।

- हरियाली प्रवर्धन तथा वृहत वृक्षारोपण अभियान सञ्चालन गरिनेछ । खाली क्षेत्रहरुमा बाँस/निगालो, डालेघाँस, फलफूल, जडिबुटी, खेतीलाई प्रवर्धन गर्दै वनलाई समृद्धिको स्रोतको रुपमा उपयोग गर्ने नीति अवलम्बन गरिनेछ।
- दरौदी, चेपे र भुसुन्डे खोलाको तटीय क्षेत्रमा नदी कटानको जोखिम न्यूनिकरण गरी बस्ती तथा खेतियोग्य जमिनको सुरक्षाको लागि कटानयुक्त क्षेत्रमा प्रदेश तथा संघीय सरकारसँगको समन्वयमा तटबन्ध निर्माणको कार्यलाई प्राथमिकता र निरन्तरता दिइनेछ ।
- वन डढेलो नियन्त्रण र व्यवस्थापनको लागि अग्निरेखा निर्माण गर्ने, रिचार्ज पोखरी निर्माण गर्ने कार्यमा जनसहभागिता अभिवृद्धि गर्नुको साथै जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।
- वन तथा खुला क्षेत्रमा बढ्दो क्रममा फैलिएको मिचाहा वनस्पतिहरुको व्यवस्थापन गर्नको लागि उपयुक्त कार्यक्रम संचालन गरिनेछ।
- स्थानीय विपद जोखिम न्यूनिकरण रणनीतिक कार्ययोजना, विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकरी कार्यान्बयनका लागि स्थानीय समूदाय र साझेदारहरुसँग सहकार्य गरी जोखिम न्यूनिकरण गरिनेछ ।
- विपद् सहयोग र प्रतिकार्यका लागि द्रुत गतिमा रेस्पोन्स गर्ने संयन्त्र बनाई काम गरिनेछ। वडा तथा बस्तीस्तरमा विपद् प्रतिकार्य समूह गठन गरि परिचालन गरिनेछ। आवश्यक स्रोतसाधनको व्यवस्थापन गरिनेछ।
- सार्वजनिक जग्गाको संरक्षणको लागि गाउँपालिका भित्रका सार्वजनिक संरचना र जग्गाहरुको रेखाङ्कन र संरक्षण गर्ने कार्य द्रुत गतिमा अगाडि बढाईनेछ । सार्वजनिक सम्पत्ति संरक्षणका लागि स्थानीय समुदायलाई नै परिचालन गरिनेछ।
- सामुदायिक वनहरुलाई गाउँपालिकामा सुचीकृत गर्ने, नियमन गर्ने तथा वन व्यवस्थापन र उपयोग सम्बन्धी कानूनी सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- सामुदायिक वन पैदावरको उत्पादन, प्रशोधन र उपयोगको विषयमा विभिन्न संघ संस्थाहरुको सहकार्यमा अध्ययन अनुसन्धान गरी उत्पादन र बजारको विविधिकरणमा जोड दिइनेछ।
- फोहोरमैला व्यवस्थापनलाई घर र विद्यालयदेखी नै संस्कारको रुपमा विकास गरिनेछ। एकीकृत फोहोरमैला व्यवस्थापन कार्य अगाडी बढाईनेछ।

**५. सुशासन तथा सेवा प्रवाह**

- सार्वजनिक सेवालाई स्वच्छ, सक्षम, निश्पक्ष, पारदर्शी, भ्रष्टचार मुक्त, जनउत्तरदायी र सहभागितामुलक बनाउदै पालिका बाट प्राप्त हुने सेवा सुविधामा समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति दिईनेछ।

ज्ञानेन्द्र गुरुङ

- वार्षिक खरिद योजना, खरिद गुरु योजना, योजना तथा कार्यक्रम कार्यान्वयन कार्यतालिका निर्माण गरी सोको प्रभावकारी कार्यान्वयन र नतिजामूलक अनुगमनको व्यवस्था गरिनेछ। निश्चित समयमा सम्पन्न गर्नुपर्ने भनि तोकिएका बाहेक खरिद र ठेक्काका नियमित कार्यहरु चैत्र मसान्त भित्र सम्पन्न गर्ने कार्ययोजना बनाई काम गरिनेछ।
- मुस्कान सहितको सेवाः भन्ने मर्मलाई आत्मसात गर्दै सबै प्रकारका समुदाय, तह, क्षेत्र र क्षमता भएका व्यक्तिलाई समानुपातिक समभावको दृष्टिले सेवा प्रवाह गरिनेछ।
- कार्यालय बाट प्रवाह हुने सार्वजनिक सेवाहरुलाई अनलाईन माध्यमबाट प्रवाह गर्न एकिकृत सेवा प्रणालीको विकास गरिनेछ। एकीकृत घुम्ती शिविर सेवालाई थप प्रभावकारी बनाईनेछ।
- डिजिटल नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, गुनासो व्यवस्थापन तथा नागरिक सन्तुष्टी सर्भेक्षणबाट प्राप्त सुझावलाई सेवा प्रवाह सुधारको मार्गदशर्नको रुपमा लिइनेछ।
- सूचना संकलन तथा अद्यावधिक गर्ने कामलाई विशेष प्राथमिकता दिईनेछ। वैज्ञानिक डिजिटल प्रोफाईल निर्माण गरिनेछ।
- सबै नागरिकको सूचनाको हकको सम्मान र संरक्षण सम्मान गर्दै आवश्यक सूचना तथा जानकारीहरुमा सबै नागरिकको पहूँचको सुनिश्चितता गरिनेछ।
- गाउँपालिकाबाट सम्पादिक कार्यहरु र सेवाप्रवाहका सम्बन्धमा त्रैमासिक रुपमा समिक्षा गरी उक्त कार्यसम्पादनलाई बुलेटिन मार्फत प्रकाशन गरिनेछ। स्थानीय पत्रकार तथा मिडियाकर्मीहरुको क्षमता विकास कार्यक्रम गरिनेछ।
- LISA, FRA, GESI Audit, LED तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्य सम्पादन सूचकको लक्ष्य प्राप्तीका लागि प्रभावकारी कार्य गरिनेछ।
- सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुलाई जग्गा धनी दर्ता प्रमाण पूर्जा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।
- प्रकृतिक विपत्ती तथा अन्य कारणहरुवाट घरबार विहिन भएका नागरिकहरुको आवासको व्यवस्थापनमा विशेष जोड दिईनेछ।
- विपन्न, अति विपन्नहरुको वैज्ञानिक सूचकका आधारमा पहिचान गरिनेछ। त्यस्तो वर्गको उत्थानका लागि वीमा, सीप विकास तालिम, जीविकोपार्जन सहयोग तथा अन्य सहायता कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- शान्ती सु-व्यवस्था कायम गर्न, सडक दुर्घटना न्यूनिकरण, लागुऔषध दुर्व्यसन निरुत्साहन, तथा आत्महत्या रोकथाम जस्ता विषयमा सचेतना फैलाउन समुदाय प्रहरी साझेदारी कार्यक्रम संचालन गरिनेछ ।
- नगर प्रहरीको व्यवस्था गरिनेछ। यसै आर्थिक वर्षमा भर्ना प्रक्रिया अगाडी बढाईनेछ।

- उपभोक्ता समिति, निर्माण व्यवसायीहरुको क्षमता अभिवृद्धि सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ। साथै उत्कृष्ट काम गर्ने उपभोक्ता समिति, निर्माण व्यवसायी तथा उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा प्रोत्साहित गरिनेछ ।
- तोकिएको समयमा गुणस्तरीय काम सम्पन्न नगर्ने निर्माण व्यवसायी संस्थालाई ५ वर्षसम्म कार्यालयको मौजुदा सूचीमा दर्ता गरिनेछैन। समयमै काम सम्पन्न गर्ने र नगर्ने निर्माण व्यवसायीहरुको छुट्टाछुट्टै सूची बनाई वेभसाईट मार्फत प्रकाशन गरिनेछ।
- बेरुजुलाई न्यूनिकरणका लागि लेखा समिति, आन्तरिक नियन्त्रण प्रणाली जस्ता संयन्त्रहरुको क्रियाशिलता बढाइनेछ। भ्रष्टाचारजन्य क्रियाकलापमा शून्य सहनशीलता नीति अवलम्बन गरिनेछ ।
- कालोबजारी, सिण्डिकेट, कार्टेलिङ, आदि नियन्त्रण गर्न र बजार अनुशासन कायम गर्न नियमित बजार अनुगमनलाई थप व्यवस्थित गर्दै उपभोक्ता हक हित संरक्षण तथा सम्वर्द्धनमा जोड दिईनेछ।
- गाउँपालिका अन्तर्गतका शाखा तथा संस्थाहरु र कर्मचारीहरुलाईक कार्य सम्पादन मूल्याङ्कनका आधारमा प्रोत्साहनको व्यवस्था गरिनेछ। साथै जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ। ।
- राष्ट्र सेवक कर्मचारीहरुको मनोवल उच्च बनाउन पुरस्कार, प्रोतसाहन भत्ता र पर्यटन काजको व्यावस्था गरिनेछ।
- अस्थाई करार सेवाका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ साथै सम्पूर्ण कर्मचारिहरुको एकिकृत दुर्घटना विमा गरिनेछ।
- टोल विकास संस्थाको परिचालनलाई प्रभावकारी बनाईनेछ।
- विभिन्न पेशागत क्षेत्र र सरोकारका विषयमा संजाल तथा समूहहरु गठन गरिनेछ। साथै व्यवसायिक तथा वौद्धिक समाज निर्माणका लागि काम गरिनेछ।
- विज्ञ सभालाई नियमित र थप प्रभावकारी बनाईनेछ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा विभिन्न विषयक्षेत्रमा ख्याति कमाई सेवा निवृत्त हुनुभएका विज्ञहरुलाई गाउँपालिकाको सम्बन्धित काममा विशिष्ट सहयोग र सहजीकरणको लागि विज्ञको रुपमा परिचालन गरिनेछ। सो काममा स्वयंसेवक एवं ईन्टर्नहरु समेत परिचालन गरिनेछ।
- असल अभ्यास तथा कार्यक्रमहरुको स्थायित्व, निरन्तरता र दिगोपनाका लागि जनप्रतिनिधी, कर्मचारी तथा सरोकारवाला स्थानीयहरुको सहभागितामा *योजना दिगोपना सुनिश्चितता समिती* गठन गरि काम गरिनेछ।

ज्ञानेन्द्र गुरुङ
अध्यक्ष

- गाउँपालिकाको पहिचान र सम्मान स्थापित गर्दै असल अभ्यास, अनुभव र स्रोतहरुको साझेदारीलाई प्रवर्धन गर्न देश तथा विदेशका स्थानीय तहहरुसँग भगिनी सम्बन्ध कायम गरि सहकार्य गरिनेछ।

६. न्यायिक समिति:

- न्याय प्राणालीलाई छिटो छरितो र प्रभावकारी बनाइनेछ। साथै जनतामा न्यायको पहुँच अभिबृद्धि गरिनेछ।
- न्यायिक समितीका पदाधिकारी कर्मचारी तथा मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धिका लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- न्यायिक समितिबाट न्याय सम्पादन गर्ने कार्यलाई थप प्रभावकारी वनाउन जिल्ला अदालतको सुझाव तथा सल्लाह र अन्य पालिकाहरु संग समन्वय गरी थप व्यवस्थित गरिनेछ। नेपाल प्रहरीसँगको सहकार्यलाई विशेष जोड दिईनेछ।
- न्यायिक समितीको काम कारवाहीलाई चुस्त, दुरुस्त तथा प्रभावकारी वनाउन आवश्यक पूर्वाधार र सूचना व्यवस्थापन प्रणालिको विकास गरि कार्यान्वयन गरिनेछ।

७. राजस्व तथा आन्तरिक श्रोत परिचालन

- *हाम्रो कर हाम्रै विकासका लागि* भन्ने मूल अभिप्रायका साथ करदाता शिक्षालाई प्रभावकारी रुपमा सञ्चालन गरी करको दर र दायरालाई वैज्ञानिक र प्रगतिशिल तुल्याउँदै स्वचालित कर प्रणालीको विकास गरिनेछ ।
- सिरानचोक गाउँपालिकाभित्र सञ्चालमा रहेका व्यवसायहरुको प्रभावकारी अनुगमन गरी व्यावसायिक स्वच्छता कायम गरिनेछ। कर प्रणालीको दायराभित्र नआएका करदाताहरुलाई करदाता शिक्षा तथा अभियान मार्फत दायरामा ल्याइनेछ।
- आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्री तथा व्यवस्थापन मार्फत राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।
- राजश्व संकलनलाई व्यवस्थित बनाउनका लागि प्रत्येक वडामा चौमासिक रुपमा घुम्ती शिविर संचालन गरिनेछ।
- महिला, दलित तथा लक्षित वर्गका सदस्यहरु सञ्चालक भई स्थापना र सञ्चालन हुने व्यवसायहरुको दर्ता र नवीकरणमा विशेष छुट तथा व्यवसाय प्रवर्धनका लागि थप सुविधा प्रदान गर्ने नीति लिईनेछ।
- करको दर भन्दा दायरालाइ प्राथमिकता दिइ सोही अनुसार करका नीतिहरु तय गरिनेछ। आर्थिक वर्षको पहिलो ३ महिना भित्रमा तोकिएको कर भुक्तानी गर्ने करदातालाइ लाग्ने करमा २० प्रतिशत छुटको व्यवस्था मिलाइनेछ।
- राजश्व निर्धारण, भुक्तानी र प्रमाण पत्र Online System मार्फत सेवा दिई व्यवस्थित गरिनेछ।
- राजस्व चुहावट नियन्त्रण गरी पालिकाको राजश्व संकलनमा अभिवृद्धी गरिनेछ ।

- राजश्व सुधार कार्ययोजना, २०८२ ले निर्दृष्ट गरेका सुधारका कार्यक्रमहरु द्रुत गतिमा कार्यन्वयनमा ल्याईनेछ।

अन्तमा सबैको साझा प्रयासबाट गाउँपालिकावासीको अपेक्षा पुरा गर्ने तर्फ हाम्रो ध्यान केन्द्रित हुनुपर्दछ । पालिकाका मुख्य समस्या गरिवी, बेरोजगारी, न्युन विकास तथा स्रोतको अभावलाई चिर्दै पालिकावासीको चाहना बमोजिम विकास कार्यलाई अगाडि बढाउन आर्थिक वर्ष २०८२/२०८३ को नीति तथा कार्यक्रमले मद्दत गर्ने विश्वास लिएको छु। पालिकाकोको समग्र विकासमा सहयोग पुयाउने राजनीतिक दलका जनप्रतिनिधि, राष्ट्रसेवक, निजी, सहकारी, सामुदायिक क्षेत्र, नागरिक समाज, आम संचार जगत् लगायत सम्पूर्ण पालिकावासी दिदीबहिनी, दाजुभाइलाई हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनमा सहयोगको अपेक्षा गर्दछु।

धन्यवाद ।

ज्ञानेन्द्र गुरुङ
अध्यक्ष

आर्थिक वर्ष २०८२/०८३ को बार्षिक